# बबई राजपत्र

## बबई गाउंपालिकाद्वारा प्रकाशित

**खण्ड : ३) बबई, दाङ, (संख्या : ५ मिति : २०७६/१२/२९**

### भाग-२

### बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७६

**प्रस्तावना :**देशमा रहेको वालविवाह जस्ता कुप्रथाहरुको अन्त्यगर्ने कार्यक्रमहरु संचालन गर्ने खर्च सम्वन्धी कार्यविधि, २०७६ बबई गाउँ सभाको मिति २०७६।१०।२४ को निर्णयबाट जारी गरेको छ ।

### परिच्छेद १

**१. संक्षिप्तनाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम“बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७६”रहेको छ ।

(ख) यो कार्यविधिबबई गाउँपालिकावाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषयवा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “गाउँपालिकाको वालअधिकार समिति”भन्नाले वालवालिक सम्वन्धी ऐन २०७५ को दफा ६० वमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

(ख) “मन्त्रालय” भन्नाले महिला, वालवालिका तथा ज्येष्ठनागरिक मन्त्रालय सम्झनु पर्दछ ।

(ग) “राष्ट्रिय वालअधिकार परिषद”भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद सम्झनुपर्दछ ।

(घ) “वालकल्याण अधिकारी” भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिम नियुक्त भएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(ङ) “वालविबाह”भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनु पर्दछ ।

(च) “विभाग” भन्नाले महिला तथा वालवालिका विभाग सम्झनुपर्दछ ।

(छ) “गाउँपालिका”भन्नाले बबई गाउँपालिका सम्झनु पर्दछ ।

## <u>परिच्छेद २</u>

**३. कार्यविधिको उद्देश्यः**

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. बालविवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने

३. बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायतअन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

४. बालविवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

**४. कार्यक्रम संचालन** :

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

२. बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका वालवालिकाहरुको बालकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

३. वालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई  आवश्यक तालिम प्रदा नगर्ने।

३. बालविवाह विरुद्ध सामुदायिक स्तरमा बालक्लब, युवा क्लब वा अन्य समुह निर्माण गर्ने वा भएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

४. सरकारी, गैर सरकारी र निजी संघ संस्थाहरुसँग समन्वय गरीवालविवाह विरुद्ध पारिवारीक सचेतना कार्यक्रम संचालन गर्ने ।

५. वालविवाह, लैंगिकविभेद र पितृसत्तात्मक सोच अन्त्यगर्ने कार्यमावालक , किशोर तथापुरुषहरुकोसहभागीता गराउने सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

## परिच्छेद ३

**५. खर्च र लेखा परीक्षण:**

बालविवाह तथा बालबालिका माथि हुने हिंसाको  व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ ।

**६. प्रतिवेदन पेश गर्नुपर्ने :**

बालविवाह तथा बालबालिका माथि हुने हिंसाका व्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक रवार्षिक रुपमातयार गरी गाउँपालिकाले सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने ।

## परिच्छेद : ४

**७. विविधः**

बालविवाह तथा बालबालिका माथि हुने हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्दा बालविबाह अन्त्यका लागि राष्टिय रणनीतिलाइ समेत आधार मान्नुपर्नेछ ।

आज्ञाले,

भीष्म कुमार मल्ल

प्रमुख प्रशासकीय अधिकृत